मिति २०८२ मङ्सिर २२ गते बसेको (छैटौं) कार्यपालिका बैठकका निणर्यहरु

१. यस गाउँपालिका गाउँ कार्यपालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो ।

२. चालु आ.व. को प्रदेश विशेष अनुदान अन्तर्गत ज्योती मा.वि. निर्माण आयोजना (महाभारत ७) को लागि पहिलो पटक मिति २०८२/०७/१३ मा बोलपत्र आह्वान भएकोमा कुनै पनि बोलपत्र पेश नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा ४ (क) बमोजिम पुनः बोलपत्र आह्वान गर्ने प्राविधिक शाखाको प्रस्तावलाई स्वीकृत गर्ने ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ (२) बमोजिम आर्थिक प्रशासन शाखाबाट पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने ।

४. २०८२ असोज १८,१९ र २० गतेको अविरल वर्षाका कारण गोगने चौतारा बाँसपुर राङ्चा तल्लो बाँसपुर चाखोला सडक खण्ड क्षति भई अवरुद्ध भएको भनि वडा नं. ७ कार्यालयको सिफारिस र भौतिक पूर्वाधार शाखाको प्रस्ताव बमोजिम उक्त सडकखण्ड मर्मतका लागि चालु आ.व. को मर्मत सम्भार कोष शीर्षकबाट खर्च हुने गरी रु २ लाख ५० हजार विनियोजन गर्ने ।

कान्छामान जिम्बा
प्रवक्ता

CamScanner